आज मिति २०७९ साल चैत्र ०१ गते बुधबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०७९/०८० को २३ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

उपस्थिति :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सदस्य सचिव -

आमन्त्रित :

श्री इन्द्र कुमार श्रेष्ठ - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. भू-उपयोग क्षेत्र वर्गीकरण मस्योदा प्रतिवेदन सम्बन्धमा ।
३. अनुगमन समिति गठन सम्बन्धमा ।
४. योजना संशोधन सम्बन्धमा ।
५. पूजापाठ तथा धार्मिक कार्यमा आर्थिक सहायता सम्बन्धमा ।
६. रासायनिक मल वितरण सम्बन्धमा ।
७. व्यवसाय दर्ता सम्बन्धमा ।
८. सिफारिस लिएर मात्र कार्य गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७९/११/२८ गते बसेको आ.व. २०७९/०८० को २२ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा डि.जी. निर्माण इन्जिनियरिङ्ग प्रा.लि., विराटनगरले निर्माण गर्दै गरेको यस गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी पेश गरेको मस्यौदा प्रतिवेदन माथि छलफल गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्रका शिक्षा, स्वास्थ्य, वातावरण, छुवाछुत, विभेद, हिंसा लगायत मानवअधिकार संग सम्बन्धित विषयमा सरोकार राख्ने निकायहरुको अनुगमन गर्ने सम्बन्धमा मानवअधिकार समूहको बैठकले निर्णय गरी पेश गरेको हुँदा सो निकायमा नियमित अनुगमन गरी गाउँपालिका समक्ष पेश गर्ने तपसिल बमोजिमको अनुगमन समिति निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**संयोजक** : प्रमुख प्रशासकीय अधिकृत
**सदस्यहरु** : शिक्षा शाखा प्रमुख
स्वास्थ्य शाखा प्रमुख
सामाजिक विकास शाखा प्रमुख
आर्थिक प्रशासन शाखा प्रमुख
इन्सेक प्रतिनिधी
स्थानीय प्रहरी प्रतिनिधी

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गा.पा वडा नं.७ को तपसिल बमोजिमका आयोजना संशोधन गरी निर्माण कार्य गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | विनियोजित योजना र बजेट | संशोधन गरी कायम हुने योजना र बजेट | कैफियत |
|---|---|---|---|
| १ | रा.सि.-३ बिसेसर यादवको घर देखि उत्तर गुदर यादवको घरसम्म जाने बाटो माटोपुरी ग्राभेल गर्ने कार्य । रु.१,५०,०००/- (यो.शि.नं.४५५) | रा.सि.-३ बिसेसर यादवको घर देखि पश्चिम धनेश्वर यादवको घरसम्म जाने बाटोमा आर.सि.सि. ढलान गर्ने कार्य । रु.४,००,०००/- | मिति २०७९/११/२८ गते बसेको वडा कार्यालयको निर्णय अनुसार संशोधन गरिएको । |
| २ | रा.सि.-३ बिसेसर यादवको घर देखि पश्चिम धनेश्वर यादवको घरसम्म जाने बाटोमा माटोपुरी ग्राभेल गर्ने कार्य । रु.२,५०,०००/- (यो.शि.नं.४५६) | | |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका भित्र संचालन भएका तपसिल बमोजिमका धार्मिक तथा सांकृतिक कार्यक्रमहरुमा क्र.सं. ६२, मृत कर्मचारीको सुविधा तथा सहायता शिर्षकबाट भुक्तानी हुनेगरी आर्थिक सहायता विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कार्यक्रम | सहायता रकम रु. |
|---|---|---|
| १ | रामजानकी भगवान तथा माँ भगवती मन्दिरमा हुने भागवत सप्ताह महापुराण ज्ञान यज्ञ कार्यक्रम, देवानगञ्ज-७ | ३,२५,०००/- (तीन लाख पच्चीस हजार रुपैया मात्र) |
| २ | गेड भगवान मन्दिर उद्घाटन कार्यक्रम, देवानगञ्ज-३ | १,००,०००/- (एक लाख रुपैया मात्र) |
| ३ | स्वामी विवेकानन्द संस्कृति ज्ञान परीक्षा कार्यक्रम, देवानगञ्ज-३ | २५,०००/- (पच्चीस हजार रुपैया मात्र) |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०७९ साल पुष ७ गते बसेको स्थानीय स्तरमा मल वितरण व्यवस्थापन समितिको बैठकले यस पटकको लागि सुचिकृत डिलरबाट वितरण नगरि माँ भवानी ट्रेडर्स र सप्तकोशी कृषि दुबै बाट ७ वटै वडाका सम्बन्धित वडा अध्यक्षको उपस्थितिमा वितरण गर्ने भनि निर्णय भएको तथा सोही निर्णयका आधारमा माँ भवानी ट्रेडर्स र सप्तकोशी कृषि फर्म डिलरको रुपमा दर्ता समेत भइसकेको हुँदा अब उप्रान्त पुराना ९ वटा तथा पछि दर्ता भएको माँ भवानी ट्रेडर्स र सप्तकोशी कृषि फर्म समेत गरि ११ वटै डिलर मध्ये सम्बन्धित वडाका वडा

अध्यक्षले सिफारिस गरेकै डिलरबाट कृषि शाखाबाट सिफारिस दिई मल आपूर्ति गर्ने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. भित्र धेरै व्यापार व्यवसायहरु लामो समयदेखि दर्ता नभई संचालन भईरहेको भन्ने जनगुनासो आएकोले हाल वडा कार्यालयमा दर्ता नभई संचालित व्यापार व्यवसायलाई १५ दिनको समय दिई दर्ता गर्ने सार्वजनिक सूचना जारी गर्ने र १५ दिन भित्रमा पनि दर्ता नभएका व्यापार व्यवसायलाई अनुगमन गरी प्रचलित कानून बमोजिम कारवाही गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँपालिकाबाट विभिन्न कार्यक्रम तथा अनुदान शिर्षकमा सिफारिस दिँदा अब उप्रान्त वडा कार्यालयबाट सिफारिस प्राप्त भए पछि मात्र गाउँपालिकाबाट सिफारिस दिने सर्वसम्मत निर्णय गरियो ।